**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २९ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- पश्चिम बंगालको पूर्वी मेदिनीपुर अन्तर्गत दिघामा रहेको जगन्नाथ धाम र सांस्कृतिक केन्द्रको भोलि हुने उद्घाटन समारोहको तयारी लगभग पूरा भइसकेको छ। मुख्यमन्त्री ममता ब्यनार्जीले आज हवनमा सहभागिता जनाउनु भयो I

- प्राथमिक शिक्षक भर्ती घोटालामा केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) को आरोपपत्रमा नाम उल्लेख गरिएका भाजपा नेता अरुण हाजरा उर्फ 'चिनू' मंगलबार अदालतमा उपस्थित भए।

- कलकत्ता उच्च अदालतले अधिवक्ता विकास रञ्जन भट्टाचार्य र उनका सहकर्मीहरूलाई भीडले गरेको कथित दुर्व्यवहारको बारेमा स्वतः संज्ञान लिदै तीन सदस्यीय विशेष पीठ गठन गरेको छ।

- आगामी ४ मईको दिन सम्पन्न हुने राष्ट्रिय योग्यता तथा प्रवेश परीक्षा "नीट" को लागि दार्जीलिङको 'आरकेएसपी' विद्यालयलाई परीक्षाको केन्द्र बनाईएको छ।

- दार्जिलिङमा टोय ट्रेन अनि यात्रुवाहक वाहन एक आपसमा ठोक्कीदा दुर्घटना भएको छ I

### पश्चिम बंगाल- जगन्नाथ धाम

पश्चिम बंगालको पूर्वी मेदिनीपुर अन्तर्गत दिघामा रहेको जगन्नाथ धाम र सांस्कृतिक केन्द्रको भोलि हुने उद्घाटन समारोहको तयारी लगभग पूरा भइसकेको छ। मन्दिरको अभिषेकको रूपमा आज बिहान विशेष पूजा अनुष्ठान र हवन समारोह सुरु भयो। पुरी जगन्नाथ मन्दिर र इस्कनका पुजारीहरूले यी अनुष्ठानहरू गरिरहेका छन्। मुख्यमंत्री ममता ब्यनार्जीले आज धाममा पुगेर पूजा अर्चना गर्नु भयो I जानकारी अनुसार, यज्ञ वेदीमा औपचारिक कलश स्थापना गरिन्छ र विभिन्न तीर्थस्थलहरूबाट पवित्र भाँडाहरूमा पानी ल्याइन्छ। यज्ञ समाप्त भएपछि, तीनै मूर्तिहरूलाई सुताइनेछ। भोलि उहाँलाई औपचारिक रूपमा ब्यूँझाइनेछ, त्यसपछि अभिषेक, स्नान र शुद्धीकरणको अनुष्ठान गरिनेछ। भगवान जगन्नाथलाई परम्परागत 'छप्पनभोग' चढाइनेछ।जगन्नाथ धामको उद्घाटनको अवसरमा, तटीय शहर दिघालाई रंगीन बत्तीहरू, धेरै प्रवेशद्वारहरू र झण्डाहरूले सजाइएको छ। समारोहको प्रत्यक्ष प्रसारण गर्न धेरै स्थानहरूमा विशाल एलईडी स्क्रिनहरू जडान गरिएको छ। सम्पूर्ण क्षेत्रमा कडा सुरक्षा व्यवस्था मिलाइएको छ। शहर भित्र सवारी साधनको आवत जावत पूर्ण रूपमा प्रतिबन्धित गरिएको छ। उद्घाटन समारोह हेर्न दीघामा ठूलो भीड जम्मा भइसकेको छ। समारोह देखाउन कोलकाताका विभिन्न भागहरूमा ठूला स्क्रिनहरू जडान गरिएको छ।

### शिक्षक भर्ती घोटाला

पश्चिम बंगालको चर्चित प्राथमिक शिक्षक भर्ती घोटालामा केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) को आरोपपत्रमा नाम उल्लेख गरिएका भारतीय जनता पार्टीका नेता अरुण हाजरा उर्फ 'चिनू' मंगलबार अदालतमा उपस्थित भए। उनीमाथि नोकरी बेच्ने मामिलमा 'कालीघाट काकु' भनेर चिनिने सुजयकृष्ण भद्रलाई करोडौं रुपियाँ दिएको आरोप छ। सीबीआईले आफ्नो अन्तिम आरोपपत्रमा चिनुले पश्चिम बंगालका विभिन्न जिल्लाहरूमा एजेन्टहरू मार्फत प्राथमिक र एसएससी परीक्षार्थीहरूबाट पैसा उठाउने गरेको दाबी गरेको छ। यी एजेन्टहरूले चिनुको लागि काम गर्थे र सङ्कलन गरिएको ठूलो रकम सुजयकृष्ण भद्रलाई हस्तान्तरण गरिने गरेको पनि आरोप पत्रमा उल्लेख गरिएको छ। अनुसन्धान एजेन्सीले आरोप पत्रमा चिनुले कथित रूपमा कुल ७८ करोड रुपैयाँभन्दा बढी रकम उठाएको पनि उल्लेख गरेको छ।

**कलकत्ता उच्च अदालत**

कलकत्ता उच्च अदालतले वरिष्ठ अधिवक्ता विकास रञ्जन भट्टाचार्य र उनका सहकर्मीहरूलाई भीडले गरेको कथित दुर्व्यवहारको बारेमा स्वतः संज्ञान लिदै तीन सदस्यीय विशेष पीठ गठन गरेको छ । यो पीठमा न्यायाधीश अरिजित बनर्जी, न्यायाधीश सब्यसाची भट्टाचार्य र न्यायाधीश राजर्षि भारद्वाज रहनेछन्। प्रधान न्यायाधीश टीएस शिवगणनमको नेतृत्वमा रहेको डिभिजन बेन्चले यस विषयमा निवेदन दायर गर्न र सम्बन्धित पक्षहरूलाई सूचना जारी गर्न निर्देशन दिएको छ । सूचनाहरू राज्यका महाधिवक्ता, अतिरिक्त सोलिसिटर जनरल र उच्च अदालतका तीन प्रमुख बार निकायहरू - बार एसोसिएसन, बार लाइब्रेरी क्लब र इन्कर्पोरेटेड ल सोसाइटीका सचिवहरूलाई पठाइनेछ। स्मरण रहोस , २५ अप्रिलमा वरिष्ठ अधिवक्ता विकास रञ्जन भट्टाचार्य र उनका सहकर्मीहरूलाई उच्च अदालत भवन अगाडि रहेको आफ्नो चेम्बर बाहिर केही मानिसहरूले घेरेर उनीहरूसँग अभद्र व्यवहार गरेका थिए । पीडितका वकिलहरूले यस विषयमा पुलिसबाट प्रतिवेदन माग्न अदालतलाई अनुरोध गरेका थिए ।

**आरकेएसपी- नीट**

आगामी ४ मईको दिन सम्पन्न हुने राष्ट्रिय योग्यता तथा प्रवेश परीक्षा "नीट" को लागि दार्जीलिङको राम कृष्ण शिक्षा परिषद 'आरकेएसपी' विद्यालयलाई परीक्षाको केन्द्र बनाईएको छ । 'आरकेएसपी-लाई परीक्षा केन्द्र बनाईएकोमा जीटीएका मुख्य कार्यपाल अनित थापाले खुसी व्यक्त गर्नु भाको छ I उहाले शोसल मिडियामा पोस्ट गर्नु हुदै भन्नु भएको छ, दार्जीलिङमा विगतका वर्षहरूमा NEET (राष्ट्रिय योग्यता तथा प्रवेश परीक्षा) को परीक्षा केन्द्र रहेको कुनै स्पष्ट र आधिकारिक उल्लेख भेटिएको छैन। सम्भवतः 2025 मा पहिलो पल्ट दार्जीलिङ्गमा NEET को परीक्षा केन्द्र राखिएको छ। आरकेएसपी विद्यालयको निम्ति गर्वको कुरा हो। उहाले भन्नु भयो, NEET भारतको राष्ट्रिय चिकित्सा प्रवेश परीक्षा हो, जुन MBBS, BDS, र AYUSH पाठ्यक्रमहरूमा भर्नाको लागि आयोजित गरिन्छ। NTA (राष्ट्रिय परीक्षण एजेन्सी) द्वारा सञ्चालित, यो अत्यन्त प्रतिस्पर्धात्मक छ, जसमा लाखौं विद्यार्थीहरू वार्षिक रूपमा सहभागी हुन्छन्। श्री थापाले परीक्षार्थीहरुलाई शुभकामना पनि दिनु भएको छ I

**सुन्दरवन – अनुप्रवेश**

पश्चिम बंगालको दक्षिण २४ परगना र उत्तर २४ परगना जिल्लाको सुन्दरवन क्षेत्रमा फैलिएको लगभग १५० किलोमिटर लामो तटीय सीमामा अवैध रूपमा अनुप्रवेशकारीहरु रहेको सम्भावनालाई ध्यानमा राख्दै, केन्द्रीय र राज्य गुप्तचर एजेन्सीहरूले कठोर निगरानी राखेको छ ।दक्षिण २४ परगना जिल्लाको एक गाउँबाट हालै २४ जना बंगलादेशी अनुप्रवेशकारी पक्राउ परेपछि यो कारबाही सुरु गरिएको हो। पक्राउ पर्नेहरूमा महिला र बालबालिका पनि छन्। गुप्तचर स्रोतका अनुसार, उनीहरू सबै भारत-बंगलादेश सीमामा सक्रिय मानव तस्करको सहयोगमा भारतीय सीमामा प्रवेश गरेका थिए।

**टोय ट्रेन -दुर्घटना**

दार्जिलिङमा टोय ट्रेन अनि यात्रुवाहक वाहन एक आपसमा ठोक्कीदा दुर्घटना भएको छ I यत्रुवाहक वाहन रेलको ट्र्याकमा आउँदा यो दुर्घटना भएको थियो। घटनामा गाडीमा क्षति पुगेको छ। तर कोही पनि घाइते भएनन्। दुर्घटना दार्जिलिङ स्टेशनबाट चार किलोमिटर टाढा डाली क्षेत्रको मेरी भिल्ला नजिकै दुर्घटना भएको हो। स्मरण रहोस , टोय ट्रेन यसअघि पनि धेरै पटक दुर्घटनाको शिकार भइसकेको छ। गत २५ अप्रेलको दिन सिलगडीबाट तिन्धारिया जाँदै गर्दा सुकना नजिकै पनि यस ट्रेनको इन्जिन पल्टिएको थियो । जसमा चालक र सहचालकलाई सामान्य चोटपटक लागेको थियो । दार्जिलिङ हिमालयन रेलवे (DHR) का अधिकारीहरूले दुर्घटनाबाट बच्न वाहन चालकहरूलाई सतर्क रहन अपील गरेका छन्।

**पिपल्स अर्गनाइजेशन**

घूम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशनको सात सदस्यीय टोलीले आज एक प्रेस विज्ञप्ति जारी गर्दै गत १७ अप्रेलको दिन पार्लियामेन्ट्री अधिकारीहरू घूम हेरिटेज रेलवे स्टेशन भ्रमणमा आउँदा अर्गनाइजेशनले गुनासो र सुझाव राख्न माग गरे पनि भेट गर्ने अनुमति नदिएकोमा असन्तोष व्यक्त गरेको छ। अर्गनाइजेशनका सभापति सांगे डुक्पाले पहाडमा पर्यटन मौसमका बेला घूम–दार्जीलिङ खण्डमा विद्यार्थी तथा दैनिक कामकाजका लागि आउजाउ गर्ने साधारण जनताको सुविधाका लागि लोकल ट्रेन

सञ्चालन गर्न बारम्बार आग्रह गरिएको भए पनि डीएचआर-ले बेवास्ता गर्दै आएकोमा  गुनासो  गर्नु भएको छ  । यसरी नै महासचिव ठेण्डुप वाङ्दीले विगतमा सञ्चालनमा रहेको ९ अप र ४ डाउन ट्रेन फेरि शुरू गर्ने माग गर्नु भएको छ। ट्राफिक जाम, साँघुरो सडक र अत्यधिक बाह्य वाहनहरूको कारण दैनिक यात्रु तथा गम्भीर बिरामीहरूलाई हुने समस्याको समाधानका लागि लोकल रेल सेवाको व्यवस्था अत्यावश्यक रहेको उनीहरुले बताएका छन्। यसका साथै उनीहरुले  रेलवे लिकसँगै रहेको राष्ट्रिय राजमार्ग ११० लाई समतल बनाउन हिमालयन रेलवेले अनुमति दिनुपर्ने सुझाव पनि दिएका छन् ।

**<u>सोनादा- पहलगाम श्रद्धान्जली</u>**

गत २२ अप्रेल  २०२५ मा जम्मु कश्मीरको पहलगाममा भएको आतंकवादी हमलामा ज्यान गुमाएका २६ जना निर्दोष पर्यटकहरूको आत्मा शान्तिको कामना गर्दै हिज साँझ सोनादामा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरियो। सोनादाका स्थानीय बासिन्दाहरूले मोमबत्ती जुलुस निकालेर बजार परिक्रमा गर्दै शोक प्रकट गरेका थिए। कार्यक्रमका क्रममा सहभागीहरूले आतंकवादी गतिविधिको कडा शब्दमा निन्दा गरे र हत्यारा आतंककारीहरूलाई कडा भन्दा कडा सजाय दिनु पर्ने माग गरे। सोनादावासीले यस्तो दुःखद घडीमा सम्पूर्ण राष्ट्रसँग एकजुट भएर दुःख व्यक्त गर्दै शान्ति, सुरक्षाको सुनिश्चितताको पक्षमा आफ्नो ऐक्यबद्धता प्रकट गरेका छन्। जुलुसमा विभिन्न सामाजिक संघ–संस्थाका प्रतिनिधिहरू, युवाहरू र सर्वसाधारण नागरिकहरूको उपस्थिति रहेको थियो।

**<u>मिरिक- स्वास्थ्य शिविर</u>**

मिरिकको कृष्णनगर क्लबमा आगामी ३ मईदेखि १७ मईसम्म पन्ध दिवसीय बिशेष स्वास्थ शिविर हुने भएको छ। शिविरको आयोजना बिश्वास अल्ट्रनेटिब ट्रिटमेन्ट एन्ड ट्रेनिङ सेन्टरले दार्जीलिङ माटोको माया सेवा संस्था मिरिक ब्रन्चको सहयोगमा गरिरहेको छ। शिविरमा बिशेष दिल्लीवाट डा. राकेश शर्माको उपस्थिति रहने निश्चित भएको छ। यस अवधि स्वास्थ्य सम्बन्धि बिभिन्न प्रकारका सेवा उपलब्ध रहने आयोजक पक्षले जनाएको छ। यसका साथै सम्पुर्ण मिरिकवासीलाई सेवाको लाभ उठाइदिने आवहान आयोजक पक्षले गरेको छ।

****** ० ******